AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०७९ मंसिर ५ गते

**सर्कुलर !!! साधारण सभामा सहभागिताका लागि इच्छापत्र आह्वान गरिएको बारे**

सम्पूर्ण समर्थक सदस्यज्यूहरू,

एकतीसौं साधारण सभामा समर्थक सदस्यको तर्फबाट एम्नेस्टी इन्टरनेसनल नेपालको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) बमोजिम सहभागी हुने मताधिकारसहितका दुई जना प्रतिनिधि चयनका लागि मिति २०७८ पुस २८ र २९ मा नेसनल बोर्डद्वाले निर्धारण गरेको देहाएको प्रकृयाबमोजिम मिति २०७९ पौष २ गते नवपलपरासी (सुस्तापूर्व) मा सम्पन्न हुने एकतीसौं साधारण सभामा समर्थक सदस्यहरूको तर्फबाट प्रतिनिधिका रूपमा सहभागी हुन चाहने सदस्यहरूलाई तल उल्लिखित गुगल फारम यही मिति **२०७९ मंसिर १०** गतेभित्र भर्नका लागि यसैसाथ अनुरोध गरिन्छ। सो मितिभन्दा पछि भरिएको फारमले मान्यता पाउने छैन।

यस फारममा प्राप्त भएका आवेदनवहरूलाई महिला र पुरूषमा विभाजन गरी बोर्डले निर्धारण गरेबमोजिमको मतदान प्रकृयाका लागि पुनः निर्धारित समयभित्र सम्पूर्ण समर्थक सदस्यहरूलाई सम्पर्क गरिने यसै साथ अनुरोध गरिन्छ।

यस प्रकृयामा मिति २०७९ मंसिर ४ गते अगावै सदस्यता लिएका र/वा नविकरण गरेका समर्थक सदस्यहरूको मात्र सहभागिता रहने छ ।

**गुगल फारम :** https://forms.gle/pvx2JQvvQWCJ1uKd6

**नेसनल बोर्डले निर्धारण गरेको प्रकृया**

### *साधारण सभामा समर्थक सदस्यहरूको सहभागितासम्बन्धी प्रकृया*

१. एम्नेस्टी नेपालका समर्थक सदस्यहरूले एम्नेस्टी नेपालको साधारणसभामा प्रतिनिधिमूलक सहभागिता जनाउने छन् । यसका लागि कूल समर्थक सदस्यहरूमध्येबाट दुई जना सदस्य (एकजना महिला र एकजना पुरुष) लाई साधारण सभामा मताधिकारसहित सहभागिता गराइनेछ ।

२. यस्तो सहभागिताका लागि एम्नेस्टी नेपालको वार्षिक साधारण सभा हुने मितिवाट एक महिना अघि एम्नेस्टी नेपाल सचिवालयले सबै समर्थक सदस्यहरूलाई साधारण सभामा सहभागिताका लागि तोकिएको ढाँचामा अभिरुची पत्र (expression of interest) भरी सचिवालयमा बुझाउनका लागि पत्राचार गर्नेछ । यसरी अभिरुची पत्र बुझाउनका लागि सात दिनको समयावधि दिइनेछ ।

३. यसरी प्राप्त भएका अभिरुची पत्रहरूलाई सचिवालयले एकतृत गरी महिला र पुरुषमा क्लस्टरिङ् गर्नेछ । यदि एकजना भन्दा वढी सदस्यहरूले यस्तो रुची जाहेर गरेका छन् भने सचिवालयले महिला र पुरुष प्रतिनिधिका रूपमा साधारण सभामा सहभागी हुन इच्छा जाहेर गरेका प्रत्येक सदस्यहरूको नाम महिला र पुरुष श्रेणीमा लिस्टिङ्ग गरी अनलाइन भोटिङ्गका लागि सम्पूर्ण समर्थक सदस्यहरूलाई पाँच दिनको समयसीमासहित सूचित गर्नेछ । निर्धारित पाँच दिनको समयसीमा सकिएपछि अनलाइन भोटिङ्मा प्राप्त भएको मतको आधरमा सवैभन्दा वढी मत प्राप्त गर्ने एक एकजना महिला र पुरुष प्रतिनिधिको चयन गरी सोको जानकारी सवै समर्थक सदस्यहरूलाई गराइनेछ ।

४. यसरी भोटिङ् गर्दा महिला र पुरुष प्रत्येक क्लस्टरवाट यदि दुई जनाको समान मत प्राप्त भएमा सचिवालयले एउटा खुला र पारदर्शी गोला प्रथाका माध्यमवाट साधारण सभामा सहभागी हुने प्रतिनिधिको चयन गर्नेछ र सोको जानकारी सवै समर्थक सदस्यहरूलाई प्रदान गर्नेछ ।

५.यसरी निर्वाचित प्रतिनिधिले कुनै कारणवश साधारण सभामा सहभागिता जनाउन नसकेमा उक्त ठाउँमा अर्को समर्थक सदस्यले सूहभागिता जनाउन सक्ने छैन ।